का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ कात्तिक २०७९,
बिहीबार
3 November 2022,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २५७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

चुनावी प्रचार शुरु

# हतारमा उम्मेदवार



देशका अधिकांश ठाउँमा उम्मेदवार हरूले प्रचार प्रसारको अवधि शुरु नहुँदै घरदैलो शुरु गरिसकेका छन् । औपचारिक समय पाएपछि अझ तिव्रता दिँदैछन् ।

भोजपुरको आमचोक गाउँपालिकामा बुधबार नमूना मतदान गरिँदै । नमूना मतदानमा ४८ मत खसेकोमा पाँच मत बदर भएको थियो । तस्बिर: निरोज कोइराला, रासस

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ कात्तिक ।

आजदेखि प्रतिनिधि सभा र प्रदेश सभा सदस्यका उम्मेदवारको चुनावी प्रचार अवधि शुरु भएको छ। निर्वाचन आयोगका अनुसार आजदेखि चुनावी सभा, जुलुस लगायतका ठूला कार्यक्रम गर्न पाइनेछ ।

निर्वाचन आयोगले आजदेखि मंसीर १ गतेसम्म दल तथा उम्मेदवारले आमसभा, जुलुस, कोणसभा जस्ता कार्यक्रम गर्न पाउने व्यवस्था गरेको हो । सञ्चार माध्यमको प्रयोग गरेर पनि प्रचारप्रसार गर्न पाइनेछ ।

तर, आमसभा र जुलुसमा पनि आचारसंयहिता पालना गर्नुपर्ने हुन्छ । कसैको घरको आसपासमा गई निज वा निजको परिवारको सदस्यको सम्बन्धमा विरोध वा प्रदर्शन गर्न पाइने छैन् । जुलुस, आमसभा, कोणसभा वा भेला गर्नुभन्दा कम्तिमा २४ घण्टा अघि स्थानीय प्रशासन र प्रहरीलाई त्यसको मिति, समय, मार्ग र स्थानबारे जानकारी गराउनुपर्ने हुन्छ। जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिह्न वा झण्डा अङ्कित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेस्ट, टिसर्ट ज्याकेट, कमिज, गम्छा, ब्याज, मास्क वा लकेट लगाउन वा झोला बोक्न पाइने छैन् ।

एकभन्दा बढी राजनीतिक दल, उम्मेदवार वा भातृ सङ्गठनले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्न नहुने र सो अवस्थामा स्थानीय प्रशासनले त्यस्तो कार्यक्रम गर्ने स्थल वा मार्ग परिवर्तन गर्न दिएको निर्देशन पालना गर्नुपर्ने आचारसंहिता छ ।

कसैको निजी घरजग्गामा वा सार्वजनिक भवन, सार्वजनिक – बाँकी पृष्ठ २ मा



नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीहरूले आयोगको सहमतिमा निर्वाचन प्रचारप्रसारमा सहभागी हुन पाउने व्यवस्था गरिएको छ । निर्वाचन आयोगले नेपालको संविधानले प्रदान गरेको नेपालको कुनै पनि भूभागमा आवतजावत गर्न पाउने हकलाई रोकटोक गर्दैन ।

**दिनेश थपलिया**
**प्रमुख निर्वाचन आयुक्त**

## दुई तहको अनुगमन संयन्त्र

निर्वाचन आचारसंहिता अनुगमन गर्न दुई तहको संयन्त्र छ । केन्द्रमा निर्वाचन आयुक्तको नेतृत्वमा केन्द्रीय आचारसंहिता अनुगमन समिति छ। हरेक जिल्लामा जिल्ला आचारसंहिता अनुगमन समिति छ । केन्द्रीय निर्वाचन आचारसंहिता अनुगमन समितिमा पाँचै जना सचिवहरु छन् । निर्वाचन आयोगका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, कानुन, गृह र सञ्चार मन्त्रालयका सचिव स्वतः अनुगमन समितिमा छन् ।

निर्वाचन सेल हेर्ने नेपाल प्रहरीको अतिरिक्त महानिरीक्षक पनि समितिमा छन् । निर्वाचन आयोगको राजनीतिक दलसम्बन्धी महाशाखाको प्रमुख समितिको सदस्य सचिवको रुपमा काम गरिरहेका छन्। हरेक जिल्लामा मुख्य निर्वाचन अधिकृतको नेतृत्वमा जिल्लास्तरीय आचारसंहिता अनुगमन समिति छ। उक्त समितिमा प्रमुख जिल्ला अधिकारी सहसंयोजक छन् भने प्रहरी र राष्ट्रिय अनुसन्धान कार्यालयको प्रमुख सदस्य छन् । यसबारे निर्वाचन आयोगले सहसचिव वा त्यसभन्दा – बाँकी पृष्ठ २ मा

सवारी साधनमा अनावश्यक भीडभाड नगरौं ।

मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।

दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# गण्डकी प्रदेशको करको दर खारेज



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १६ कात्तिक ।

गण्डकी प्रदेशको करको दर हेरफेरको निर्णय खारेज भएको छ। निर्वाचन आयोगले गण्डकी प्रदेश सरकारलाई निर्वाचन आचारसंहिता लागू भइसकेपछि हेरफेर गरिएको करको दर २४ घण्टाभित्र खारेज गर्न निर्देशन दिएको थियो ।

करको दरमा छुट दिने नीतिगत निर्णय गरेर कार्यान्वयन गर्दा निर्वाचनको स्वच्छता र निष्पक्षतामा असर पर्न सक्ने भन्दै आयोगले तत्काल खारेज गर्न निर्देशन दिएको हो। प्रदेश सरकारले गरेको निर्णय आचारसंहिताविपरीत रहेको आयोगको ठहर छ। आयोगले २४ घण्टाभित्र खारेजको निर्णय गरी त्यसको जानकारी तत्काल आयोगमा उपलब्ध गराउन निर्देशन दिएको हो ।

करको दर हेरफेर गर्ने निर्णय प्रक्रियामा संलग्न गण्डकी प्रदेशका मुख्यमन्त्री, आर्थिक मामिला तथा योजनामन्त्री, प्रमुख सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवलाई निर्वाचन आचारसंहिता उल्लंघन गरेको आरोपमा आयोगले २४ घण्टा स्पष्टीकरण सोधेको छ।

उनीहरुलाई आचारसंहिता उल्लंघनको आरोपमा कारबाही किन हुनु नपर्ने भन्दै २४ घण्टाभित्र छुट्टाछुट्टै स्पष्टीकरण पेश गर्न आयोगले निर्देशन दिएको छ ।

यसका साथसाथै, निर्वाचन आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, भयरहित तथा मितव्ययी रूपमा सम्पन्न गर्न/गराउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सम्बन्धित निकायहरूलाई सात बुँदे निर्देशन दिएको छ ।

निर्वाचनमा यातायातको सहज पहुँचका लागि यातायात व्यवस्थालाई नियमित र भरपर्दो बनाई जिल्ला सदरमुकाम स्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालय रहने स्थानसम्मको आवागमनलाई निर्वाध रूपमा सञ्चालन गर्न भनिएको छ ।

तोकिएको मतदान स्थल र मतदान केन्द्रहरूसम्म पुग्ने सडक तथा अन्य भौतिक पूर्वाधारहरू समेत नेपाल सरकार तथा प्रदेश सरकारका सम्बद्ध निकाय एवम् स्थानीय तहबाट प्राथमिकताका साथ आवश्यक मर्मत सम्भार गरी गराई सुचारू अवस्थामा राख्ने व्यवस्था गर्न भनिएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गत सञ्चालित लोक कल्याणकारी विज्ञापन सम्बन्धी – बाँकी पृष्ठ २ मा

# सामाजिक सञ्जालको भय

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १६ कात्तिक ।

आगामी मंसिरमा हुने प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन नजिँकिदै गर्दा शीर्षस्थ नेतादेखि सामान्य कार्यकर्तासमेत एक अर्काको आरोप प्रत्यारोपमा उत्रिन थालेका छन्। विभिन्न दलबाट उम्मेद्वार भएका व्यक्तिको फोटो, भिडियो र विभिन्न अपशब्द गाली गर्दै सामाजिक सञ्जालमा आलोचना बढेको हो । शीर्षस्थ नेताहरुले सभ्य भाषामा एकअर्काको तीव्र आलोचना गरेपनि कार्यकर्ताहरु भने अपशब्द बोलेर सामाजिक सञ्जालमा गालीगलौज गरिरहेका छन् । 'हिजो सपनाका कुरा भनेर उडाउनेहरु आज सपनाका कुरा गर्न थालेका छन्, नेकपा एमालेका महासचिव शंकर पोखेलले सामाजिक सञ्जालमा गठबन्धनलाई लक्षित गर्दै स्टाटस लेखेका छन्। उनले सामाजिक सञ्जालमै एमाले मात्रै जनताको पार्टी भएको र बोलेका प्रतिबद्धता पूरा गर्ने आश्वासन दिदैं आएका छन्। उनीमात्रै होईन एमालेका नेता भीम रावल पनि सामाजिक सञ्जालबाटै अध्यक्ष केपी ओली र अन्य नेताहरुको आलोचना गर्नमा ब्यस्त देखिन्छन् । त्यत्तिमात्रै होईन, स्थानीय चुनावमा कांग्रेसले जारी गरेको घोषणापत्रमा अध्यक्ष ओलीले पागलहरुको प्रलाप भनेर टिप्पणी गरेपछि सामाजिक सञ्जालमा समेत आलोचना भएको थियो ।

तर, निर्वाचन आयोगले सामाजिक सञ्जालमा बढेको अश्लीलता नियन्त्रण गर्न नो नट अगेन जस्ता धेरै पेजहरु बन्द गराउन निर्देशन दिएको छ । 'सामाजिक सञ्जालमा अश्लील शब्द प्रयोग गरिएको छ । प्रधानमन्त्रीदेखि नेतासम्मको फोटो काटेर हालिएको छ। यो असामाजिक र अमर्यादित हो । यसले लफडा निम्तिन सक्छ,' प्रमुख आयुक्त थपलियाले भने, 'भोट माग्न र नदेऊ भन्न पाइने तर निर्वाचन बिथोल्न पाइँदैन । मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्ति दिनुभएन ।' उनले सामाजिक सञ्जालले विभिन्न जात, धर्म र सम्प्रदायबीचको सम्बन्धमा खलल पुर्‍याउन मद्धत गरेको भन्दै सकेसम्म निगरानी गर्ने बताएका छन्।

'अभिव्यक्ति स्वतन्त्रताको सीमा हुन्छ । अरुलाई गालीगलौज गर्न पाइएन । कानुनी हिसाबले हुने अपराध छ भने रोक्नुपर्छ,' कसैले गलत सूचना सामाजिक सञ्जालमा राखेर आत्महत्या गर्ने स्थिति आयो भने त्यो जिम्मेवार हुनुपर्छ' पत्रकार महासंघका पूर्वसभापति सुरेश आचार्य भन्छन् ।

उनले सामाजिक सञ्जालमा बढेको विकृति नियन्त्रणका लागि नीतिनियम कडा बनाउनुपर्नेमा जो दिएका छन् । यद्यपि, नेपालको संविधान २०७२ को धारा १७ को उपधारा २ को क ले अभिव्यक्ति स्वतन्त्रताको हक सुनिश्चतता गरेको छ । तर, संविधानले अधिकार सुनिश्चित गर्दैमा मानिसको चरित्र हत्या गर्ने, सामाजिक सद्भाव फैलाउँने र द्वन्द भड्काउन खोज्ने जोसुकैलाई पनि कारवाहीको दायरामा ल्याउनुपर्ने विज्ञहरुको सुझाव छ ।

वैदेशिक रोजगार विशेष

# साउदी अरबमा नेपाली कामदार दाहाललाई मृत्युदण्ड

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ कात्तिक ।

वैदेशिक रोजगारका लागि साउदी अरब गएका एक नेपाली कामदारलाई मृत्युदण्डको सजाय दिइएको छ। २ फेब्रुअरी २००७ मा सहकर्मी नेपाली कामदार राजेन्द्र बिष्टको हत्या गरेको र सुडानी नागरिकको हत्या प्रयास गरेको अभियोगमा मृत्युदण्डको सजाय पाएका उदयपुरका विवेक दाहालको सजाय गत कात्तिक ६ गते कार्यान्वयन गरिएको साउदी अधिकारीहरूले बताएका छन् ।

मृत्युदण्डको सजाय पाएर १५ वर्षदेखि साउदी अरबमा जेल जीवन बिताइरहेका दाहाललाई मृत्युदण्ड दिइएको र उनको शव साउदी अरबमा नै गाडिएको बताइएको छ ।

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालमा मृत्यु दण्डको सजायको व्यवस्था नभएको भन्दै दाहाललाई माफी दिएर स्वदेश फर्काइदिन साउदी राजालाई पत्र पठाएको भएपनि त्यसको सुनुवाइ नगरिएको रियादस्थित नेपाली दूतावासले जनाएको छ। त्यसबाहेक दाहालको पक्षमा साउदी अरबका सबै तहमा पहल गरिएको पनि नेपाली दूतावासले बताएको छ ।

मृत्युदण्ड पाएका दाहाल सन् २००६ मा साउदी अरब गएका थिए । त्यहाँ उनले मरभूमिमा ऊँटको हेरचाह गर्ने काम गर्थे । दाहालले सुतिरहेको बेला नेपाली नागरिक विष्ट र सुडानी नागरिकमाथि आक्रमण गरी हत्या प्रयास गर्दा विष्टको तत्काल मृत्यु भएको र सुडानी नागरिकको आँखामा – बाँकी पृष्ठ २ मा

## गौतमबुद्ध विमानस्थलले उडान पाउँदा कामदारलाई सहज

**काठमाडौं/रासस-** कुवेतको ध्वजावाहक कम्पनी कुवेत एयरले भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित उडान गर्ने योजना पेश गरेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का अनुसार उक्त एयरले अबको एक महिनापछि भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित उडान गर्ने योजना पेस गरेको हो ।

गएको सोमबार मात्रै उक्त एयरले कुवेत-नेपाल चार्टर उडान शुरु गरेको नागरिक उड्डयन प्राधिकरण (क्यान) का महानिर्देशक प्रदीप अधिकारीले जानकारी दिए । – बाँकी पृष्ठ २ मा

UAE मा महिलाहरुलाई रोजगार | Spalsh Beauty Salon

पुनः विज्ञापन । पूर्व स्वीकृती मिति: २०७९/०४/०४ | चलानी नं.: ६०१८३५१८ | LT No.: 267530

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Hairdresser | 6 | काममा दक्ष | 1500 | ५४,२३३।- | कं. नि. अनुसार | ८ घण्टा | ६ दिन | कं. नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Beautician | 4 | | 1500 | ५४,२३३।- | | | | | | | |
| ३. | Receptionist | 6 | | 1500 | ५२,३२६।- | | | | | | | |

छोटो समय व्युटिसियन तालिम गरेकाहरुले पनि सम्पर्क गर्न सक्नुहुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | कामदार आफैंले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैंले | रु. ७००/- कामदार आफैंले | निः शुल्क |

प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ । फाइनल अन्तरवार्ता : २०७९ कार्तिक २४ गते (10 Nov, 2022) यस प्रा. लि. को कार्यालय कलंकी, स्यूचाटारमा हुनेछ ।

रकि ईन्टरनेशनल प्रा. लि. श्रम ईजाजत न.५६४/०६२/०६३
कलंकी, स्यूचाटार काठमाडौं, फोन: ०१-५२२४५०२, ५२२४५०३, ९८४३४६०१०२

## चुनावी...

उद्यान, सार्वजनिक सडकका पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिह्न राख्न वा टाँस्न नहुने, विभिन्न क्लब, सामाजिक संस्था, धार्मिक संस्था, आमा समूह, गैरसरकारी संस्था, आश्रम जस्ता संस्था वा कुनै व्यक्तिलाई नगद वा जिन्सी वितरण गर्न, अनुदान, आर्थिक सहायता, चन्दा, पुरस्कार वा निर्वाचन खर्च वा बुथ खर्च दिन वा दिने घोषणा गर्न नहुने, जुलुस, आमसभा, कोणसभा, भेला वा प्रचारप्रसारका कार्यक्रम गर्दा बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म मात्र गर्नुपर्ने व्यवस्था छ ।

बालबालिकाको प्रयोग गर्न वा गराउन पाइने छैन् । निर्वाचन प्रयोजनको लागि ७५ ग्रामसम्मको कागजमा तीन सय वर्ग इन्चसम्म क्षेत्रफल भएको आकारको एउटै रङ्ग र मुद्रकको नामसहितको पर्चा मात्र प्रयोग गर्नुपर्ने हुन्छ ।

उम्मेदवार वा दलको कार्यालयमा साइनबोर्ड तथा कपडामा बनाईएको ३/४ फिटको दलको झण्डा र सोही नापको चुनाव चिह्न राख्न बाहेक दलको प्रचारप्रसार गर्ने उद्देश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न, श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरु प्रदर्शन गर्न नहुने साथै उम्मेदवार वा दलले आफ्नो कार्यालय बाहेकका स्थानमा यस्तो सामग्री राख्न तथा श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरु प्रदर्शन गर्न नहुने, दल वा उम्मेदवारको चुनाव चिह्नको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न वा गराउन नहुने, कुनै किसिमको भित्तेलेखन गर्न वा गराउन, चारपाङ्गे गाडी, मोटरसाईकल, साइकल, बयलगाडा, रिक्सा, टाँगालगायत सबै प्रकारका सवारी साधन प्रयोग गरी र्‍याली आयोजना गर्न वा प्रचारप्रसार गराउन नहुने भनिएको छ ।

राजनीतिक दलले निजी क्षेत्रको टेलिभिजन, रेडियो वा एफएम रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा २४ घण्टामा बढिमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने, राजनीतिक दलले निजी क्षेत्रको पत्रपत्रिकाको माध्यमबाट प्रचारप्रसार गर्दा प्रत्येक दिन बढीमा ७/७ इन्चसम्मको आकारमा कुनै एउटा पत्रिकामा प्रचार सामग्री छपाउन सक्ने, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य पदको निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफएम रेडियोको माध्यमाबाट निर्वाचन प्रचारप्रसार गर्दा २४ घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने भनिएको छ ।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया भन्छन्, 'नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीहरूले आयोगको सहमतिमा निर्वाचन प्रचारप्रसारमा सहभागी हुन पाउने व्यवस्था गरिएको छ । निर्वाचन आयोगले नेपालको संविधानले प्रदान गरेको नेपालको कुनै पनि भूभागमा आवतजावत गर्न पाउने हकलाई रोकटोक गर्दैन । तर, सार्वजनिक पद धारण गरेका माननीय प्रधानमन्त्री, मन्त्री र प्रदेशमन्त्रीज्यूहरूले अनुमति लिएर जानसक्नुहुन्छ । त्यसरी जाँदा कुनै पनि सरकारी स्रोतसाधनको प्रयोग गर्न हुँदैन ।'

तर, देशका अधिकांश ठाउँमा उम्मेदवारहरुले प्रचार प्रसारको अवधि शुरु नहुँदै घरदैलो सुरु गरिसकेका छन् । औपचारिक समय पाएपछि अझ तिव्रता दिँदैछन् ।

## दुई...

माथिल्लो पदमा कार्यरत कर्मचारीलाई केन्द्रीयस्तरबाट अनुगमनका लागि खटाएको छ भने हरेक निर्वाचन क्षेत्रमा निर्वाचन आचारसंहिता अनुगमन संयन्त्र छ ।

निर्वाचनमा खटिने कर्मचारीले कुनै उम्मेदवारको पक्ष विपक्ष लिन नहुने प्रावधान छ ।सुरक्षा निकाय र सुरक्षासम्वद्ध कर्मचारीलाई पनि कुनै दल वा उम्मेद्वारको पक्षविपक्षमा लाग्न रोक लगाइएको छ । विश्वविद्यालयदेखि विद्यालयसम्म काम गर्ने अध्यापकले तटस्थता अपनाउनुपर्नेछ । उनीहरुले कुनैपनि दल वा उम्मेदवारको प्रचारप्रसारका लागि सामाजिक सञ्जाल प्रयोग गर्न पाउने छैनन् ।

गैरसरकारी संस्थाहरुले कुनै नयाँ योजना सुरुवात गर्न, शिलान्यास गर्न र उद्घाटन लगायतका काम गर्न पाउने छैनन् । यस्ता संस्थाका स्रोतसाधन राजनीतिक प्रचारप्रचारका क्रममा प्रयोग गर्न रोक लगाइएको छ ।

आचारसंहिता अनुसार, प्रधानमन्त्री र मन्त्री, प्रदेशका मुख्यमन्त्रीदेखि स्थानीय तहको कार्यपालिकाका पदाधिकारीले कुनै दलको पक्ष विपक्षमा प्रचारप्रसार गर्न पाउने छैनन् । आफू उम्मेदवार भएको ठाउँमा भने प्रचार गर्न जान पाउँछन् । तर सरकारी स्रोतसाधन प्रयोग गर्न पाउने छैनन् । यो व्यवस्था अनुसार अहिले पदमा रहेका व्यक्तिहरु आफू उम्मेद्वार भएको अवस्था बाहेक अन्यत्र प्रचारप्रसार गर्न जान नपाउने भएका छन् ।

संवैधानिक पदाधिकारीहरु कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा लाग्न र प्रचारप्रसारमा संलग्न हुन नपाउने व्यवस्था छ । उनीहरुले आफ्नो कार्यालय र आवास कुनैपनि उम्मेदवारहरुलाई प्रयोग गर्न दिन पाउने छैनन् ।

आचारसंहिताले सरकारी कर्मचारीलाई कुनै दलको पक्ष वा विपक्षमा लाग्न निषेध गरेको छ । कार्यशाला गोष्ठी, सभा सम्मेलन लगायतका कार्यक्रम गर्न नपाउने व्यवस्था छ ।

सार्वजनिक संस्थान र त्यहाँ काम गर्ने कर्मचारीहरुलाई समेत यही नियम लागू हुनेछ । कुनै परियोजना वा विकास समितिमा आवद्ध कर्मचारीले पनि दल र उम्मेदवारको पक्ष वा विपक्षमा लाग्न नपाउने आचार संहितामा व्यवस्था छ ।

## गण्डकी...

कार्यक्रमबाट प्रकाशन तथा प्रसारण हुने विज्ञापन तथा सूचनामूलक सामग्रीहरूमा निर्वाचन आयोगबाट उत्पादित तथा प्रेषित सूचनामूलक सामग्रीहरू प्राप्त गरी सबै छापा एवं विद्युतीय सञ्चार माध्यमबाट प्रकाशन र प्रसारण हुने व्यवस्था गर्ने भनिएको छ ।

सरकारी, सामुदायिक तथा निजी अस्पताल, नर्सिङ होम लगायत सबै स्वास्थ्य संस्थाहरू निर्वाध रूपमा सञ्चालन हुने व्यवस्था मिलाउनका साथै जिल्लामा सञ्चालनमा रहेका एम्बुलेन्सहरू सुचारू अवस्थामा राख्ने तथा जिल्लामा रहेका दमकलहरूलाई चालु हालतमा राखी निर्वाचनको क्रममा आवश्यक परेको बखत तत्काल प्रयोग गर्न सक्ने व्यवस्था गर्न भनिएको छ ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाल टेलिकम, निजी क्षेत्रका सञ्चार सेवा प्रदायक संस्था तथा विकास आयोजना लगायत सरकारी निकायका वायरलेस, टेलिफोन, फ्याक्स तथा अन्य सञ्चार साधनहरू मर्मत र सेवा बिस्तार गर्नुपर्ने भए तत्काल मर्मत र सेवा बिस्तार गरी चालु अवस्थामा राख्न लगाउने र निर्वाचनको कामका लागि आवश्यक भएमा सम्बन्धित निकायले तत्काल प्राथमिकता दिई उपलब्ध गराउने व्यवस्था गर्ने भनिएको छ ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका क्रममा नियुक्त गरिएका वा खटाइएका वा तोकिएका वा आयोगको निर्देशन, आदेश पालना गर्नुपर्ने कर्तव्य भएका कुनै निजामती वा प्रदेश वा स्थानीय तह वा अन्य सरकारी निकायका कर्मचारी वा सुरक्षा कर्मीले कुनै किसिमको डर, धम्की वा प्रलोभन दिएमा वा वल प्रयोग गरी आफ्नो कर्तव्य पालना गर्न वा गराउनबाट विचलित गराएमा उक्त कार्यलाई निर्वाचन कसुर मानिने व्यवस्था रहेकोले कानूनको वर्खिलाप हुने गरी कहीँ कतैबाट यस्तो कुनै कार्य नहुन र भए गरेको पाइएमा कानून बमोजिम आवश्यक कारबाही गर्ने गराउने व्यवस्था गर्ने निर्देशनमा उल्लेख छ ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका क्रममा नियुक्त गरिएका वा खटाइएका वा तोकिएका वा आयोगको निर्देशन, आदेश पालना गर्नु पर्ने कर्तव्य भएका कुनै निजामती वा प्रदेश वा स्थानीय तह वा अन्य सरकारी निकायका कर्मचारी वा सुरक्षाकर्मीले प्रचलित कानून वा आयोगको आदेश वा निर्देशनको जानाजानी उल्लङ्घन हुने गरी वा वदनियतले कुनै काम कारबाही गरेमा वा निर्वाचनको निष्पक्षतामा असर पर्ने काम गरेमा आयोगले त्यस्तो कर्मचारी, सुरक्षाकर्मी उपर निजको सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम अख्तियारवालाको अधिकार प्रयोग गरी विभागीय कारबाही गर्न सक्ने व्यवस्था भएकोले सो बमोजिम गर्ने गराउने व्यवस्था गर्ने पन आयोगको निर्णयमा समावेश छ ।

## साउदी...

चोट लागेको थियो । नेपाली नागरिक विष्टको परिवारलाई दाहालको परिवारले ब्लडमनीबापत रकम दिएको भन्दै सन् २०११ मा नेपाली दूतावासले जुवेलको अदालतमा आममाफी दिन निवेदन दिएको थियो । तर उपचारपछि स्वदेश गएका सुडानी नागरिक माफी नदिई सम्पर्कविहीन भएका कारणले मृत्युदण्डको सजाय कार्यान्वयन भएको बताइएको छ । यसका अतिरिक्त दाहालमाथि पशु करणीको पनि मुद्दा रहेको बताइएको छ ।

## गौतमबुद्ध...

उनका अनुसार कुवेत-नेपाल दुईतर्फी उडानका लागि करिब दुई महिनाअघि कूटनीतिक प्रक्रिया शुरु गरेको उक्त कम्पनीले शुरुवातमा चार्टर्ड उडान शुरु गरेको हो ।

उक्त कम्पनीले चार्टर्ड उडान शुरु गरेको र हाल पर्यटकको यामसँगै अगाडि नै तालिका लिइसकेका कारण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान गर्न दिइएको प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले जानकारी दिए । उनका अनुसार उक्त कम्पनीलाई चार्टर उडानका लागि भैरहवा गन्तव्य कायम गरिने र आउँदो डिसेम्बरबाट यो कम्पनीले भैरहवामै नियमित उडान गर्ने योजना पेश गरिसकेको छ ।

उक्त कम्पनीले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित उडान गर्ने योजना पेश गरेको भए पनि उडान तालिका प्रस्ताव आउन बाँकी रहेको बताइएको छ । भैरहवाबाट हाल कुवेतकै जजिरा एयरवेजले नियमित उडान गर्दै आएको छ । कुवेत एयरको नियमित उडान शुरु भएसँगै बजार थप प्रतिस्पर्धात्मक हुने प्राधिकरणले जनाएको छ ।

यसैगरी अबुधाबीस्थित बिज एयरले आफ्नो उडान मिति तत्कालका लागि स्थगित गरेको बताइएको छ । अबको डेढ महिनापछि भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान गर्ने वायुसेवा कम्पनीको संख्या आधा दर्जनभन्दा बढी पुग्ने नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले जनाएको छ । डिसेम्बर १६ बाटै प्राधिकरणले फ्लाइ दुबई, कतार एयरवेज, एयर अरेबियालगायत वायुसेवालाई गौतमबुद्ध अन्तर ष्ट्रिय विमानस्थलबाट उडान गर्न निर्देशन दिइसकेको छ ।

चार्टर्ड उडान गर्ने निजी क्षेत्रको हवाई सेवा प्रदायक कम्पनी हिमालय एयरलाइन्सले यही कात्तिक १७ गते बिहीबारदेखि उक्त विमानस्थलबाट चार्टर्ड उडान गर्ने भएको छ । प्रवक्ता निरौलाका अनुसार उक्त हवाई सेवा प्रदायक कम्पनीले सो विमानस्थलबाट दुई वटा चार्टड उडान गर्न सहमत भएको हो ।

यसअघि नेपाल नागरिक उड्डयन प्राधिकरणको 'विन्टर सेड्युल' अन्तर्गत नेपाल वायुसेवा निगमले तोकेको मितिबाट भैरहवाबाट उडान नगरेको भन्दै नेपाल नागरिक उड्डयन प्राधिकरणले वायुसेवा निगमको आइतबारको उडान रद्द गरिदिएको थियो ।

---

## तारकेश्वर गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
दाङसिङ, नुवाकोट
बागमती प्रदेश, नेपाल

### आ. व. २०७९/०८० को लागी ढुङ्गा, गिट्टी, बालुवा, माटो आदी प्राकृतिक एवं खानिजन्य वस्तुको उत्खनन् संकलन, आन्तरिक बिक्री तथा बाह्य कर तथा अन्य सामाग्रिको निकासि कर दस्तुर उठाउने ठेक्का बन्दोवस्तीको लागी बोलपत्र आह्वान सम्बन्धी ३० दिने सूचना।
### (E – Bidding Only)

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०७/१७ गते)**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ दफा ११ उपदफा २ घ (६) तथा सार्वजनिक खरिद ऐन तथा नियमावली र आर्थिक कार्यविधी ऐन तथा नियमावली मा व्यवस्था भएबमोजिम बोलपत्र कागजातमा तोकीएको स्थान र परिमाण भित्र रही यस गाउँपालिका क्षेत्रभित्र रहेको त्रिशुली नदिको देहाएका क्षेत्रहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरणका लागी आ. व. २०७९/०८० का लागी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनिहरुबाट आफ्नो फर्मको नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र र आ. व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा म्याद थप पत्रको प्रतिलिपिहरु संलग्न गरी तपशिल बमोजिमको शर्तहरुको अधिनमा रहि बोलपत्र प्रक्रियामा सहभागि हुन सम्बन्धित सबैको जानकारिको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः**

| क्र. सं. | ठेक्का नं. | विवरण | बार्षिक उत्खनन् परिमाण (घ. फिट) | कुल न्युनतम कबोल अंक (मु. अ. कर बाहेक) | धरौटि रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | TRM/NUW/NCB/R/G/01/2079-080 | तारकेश्वर गाउँपालिकाको क्षेत्राधिकारमा रहेको त्रिशुली नदीको नदिजन्य पदार्थको उत्खनन् गरी बिक्री वितरण तथा निकासी गर्ने कार्य (तारकेश्वर गाउँपालिका -२ तारुकाटार) | १५,४२,५४५ | १,०४,००,०००.००/- | कवोल अंकको ५ (पाँच) प्रतिशत । | ३०००.००/- |

**शर्तहरुः**

१. बोलपत्र फारम दस्तुर वापत यस कार्यालयमा नगद तिरेको रसिद वा हिमालयन बैंक लि. तारकेश्वर शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०५८०७५९४२८००९८ मा नगद जम्मा गरेको भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिनको १२ बजे भित्र विद्युतिय माध्यमबाट बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइटः www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धित कागजातहरु अपलोड गर्नुपर्नेछ । बोलपत्रको सूचना र कागजात गाउँपालिकाको वेवसाइटः www.tarakeshwormunnuwakot.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ ।
२. बोलपत्र सम्बन्धि फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
३. आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यालयको हिमालयन बैंक लि. तारकेश्वर शाखामा रहेको धरौटी खाता नं. ग. ३. ०५८०७५९४२८००७४ मा जम्मा गरी सो को सक्कल भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारि गरेको बोलपत्रको लागि बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको रितपुर्वकको बैंक जमानी पत्र (विडवन्ड) पेश गर्नुपर्नेछ ।
४. बोलपत्रदाताले बोलपत्र कागजातको प्रत्येक पानामा सहिछाप गर्नुपर्नेछ ।
५. एक फर्म वा संस्थाको नाममा खरिद भएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट पेश गर्न पाइने छैन ।
६. रितपुर्वक पर्न आएका बोलपत्रहरु बोलपत्र दाखिला गर्ने अन्तिम दिनको १ बजे यस गाउँ कार्यपालिकाको कार्यालय, दाङसिङ, नुवाकोटमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।
७. बोलपत्र खरिद गर्ने, पेश गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सोही समय र स्थानमा गरिनेछ ।
८. प्रि विड वैठक यो सूचना प्रकाशित भएको मितिले १७ औं दिनमा दिनको १२ बजे तारकेश्वर गाउँ कार्यपालिकाको कार्यालय, दाङसिङ, नुवाकोटमा हुनेछ । इच्छुक वोलपत्रदाताले उक्त बैठकमा भाग लिइ यस सम्बन्धि विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ। उक्त दिन विदा परेमा उक्त वैठक सो को भोलिपल्ट सोहि समयमा हुनेछ ।
९. म्याद नाघि रित नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्विकार गर्न यस कार्यालय वाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धि सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षत रहनेछ ।
१०. उल्लेखित ठेक्का बन्दोबस्त हुदा ठेक्का कबोलदाताले ठेक्का अंक शतप्रतिशत अग्रिम दाखिला पर्ने र सो बापत बढीमा दश प्रतिसत छुट दिन सकिने । तर त्यस्तो छुट रकम सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम सम्झौताका लागि तोकिएको मिति भित्र सम्झौता गरेको अवस्थामा मात्र लागु हुनेछ। मुल्य अभिवृद्धि कर कबोल अंक पुरैमा लाग्नेछ ।
११. नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने आय कर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।
१२. नियमानुसार तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटि जफत गरि कानुन बमोजिम प्रक्रिया अघि बढाइनेछ ।
१३. उठाइने करका दरहरु बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ ।
१४. कुनैपनि परिस्थितिजन्य कारण देखाइ ठेक्का रकममा मिनाहा वा छुट दाबि गर्न पाईने छैन ।
१५. तारकेश्वर गाउँपालिका र बोलपत्रदाता बिचमा क्षेत्राधिकारका बिषयमा विवाद उत्पन्न भएमा आपसी समझदारिमा समाधान गरिनेछ । आपसी समझदारिमा समाधान नभएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।
१६. गाउँपालिका र बोलपत्रदाताबिच सम्झौता भएको मितिदेखि सम्झौता कार्यान्वयन भएको मानिनेछ ।
१७. यस गाउँपालिकाको त्रिशुली नदीको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा यस गाउँपालिकाबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै उत्खनन् को हकमा यस कार्यालयबाट गरिएको वातावरणिय अध्ययन प्रतिवेदन र बोलपत्र फारममा भएका विषयहरु यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।
१८. यस सूचना र बोलपत्र कागजातमा उल्लेख भएका बिषय यसै सूचना र बोलपत्र कागजात बमोजिम हुने र उल्लेख नभएका बिषयहरु प्रचलित संघीय, प्रदेश तथा स्थानिय कानुन बमोजिम हुनेछ ।

**(राजु अधिकारी)**
**प्रमुख प्रशासकीय अधिकृत**

---

### हकदावी सम्बन्धी ३५ दिने लिक्वीडेटरको सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०९/१७ मा दर्ता भएको **प्रा.लि. नं. ८९१९५** को **एस.आर.के. इन्टरनेशनल प्रा.लि.**को मिति २०७९/०७/१६ गतेको विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३, ईमेल :** rokayasherbahadur723@gmail.com

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

**प्रकाशित मितिः २०७९/०७/१७**

यस कार्यालयमा मिति २०७६/०४/०६ मा दर्ता भएको **प्रा.लि.नं. २१९२५१** को **प्रकृति होम गार्डेन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०७/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६६/०६/०६ मा दर्ता भएको **प्रा.लि. नं. ६४३३** को **अष्ट विनायक इन्भेष्टमेन्ट एण्ड विजनेश कम्पनी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०७/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# सरकारलाई आयोगको सात बुँदे निर्देशन

**काठमाडौं/मस-** निर्वाचन आयोगले मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, भयरहित तथा मितव्ययीरूपमा सम्पन्न गर्न/गराउन तीनै तहको सरकारलाई सातबुँदे निर्देशन दिएको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार आयोगले केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय तहका सम्बन्धित निकायमा निर्देशन दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सातबुँदे निर्देशन दिएको हो ।

निर्देशनमामा प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचनमा यातायातको सहज पहुँचका लागि यातायात व्यवस्थालाई नियमित र भरपर्दो बनाई जिल्ला सदरमुकामस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालय रहने स्थानसम्मको आवागमनलाई निर्वाधरूपमा सञ्चालन गर्ने व्यवस्था गर्नुपर्ने रहेको छ ।

साथै, तोकिएको मतदानस्थल र मतदान केन्द्रहरूसम्म पुग्ने सडक तथा अन्य भौतिक पूर्वाधारसमेत सरकार तथा प्रदेश सरकारका सम्बद्ध निकाय एवं स्थानीय तहबाट प्राथमिकताका साथ आवश्यक मर्मतसम्भार गरी गराई सुचारु अवस्थामा राख्ने व्यवस्था गर्नुपर्ने रहेको छ ।



प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनसँग सम्बन्धित महत्वपूर्ण सूचना तथा जानकारी आयोगको वेबसाइट एवं आयोगको आधिकारिक सामाजिक सञ्जालबाट प्राप्त गरी सरकार, प्रदेश सरकार र स्थानीय तह वा सोअन्तर्गतका सम्पूर्ण निकाय, सार्वजनिक संस्थान, विकास समिति, बोर्ड, आयोग, कोष, प्रतिष्ठान, प्राधिकरण तथा शैक्षिक संस्थाका कार्यालय र कार्यालय परिसरभित्रका सबै डिजिटल डिस्प्ले सूचना पाटीमा आम सर्वसाधारणले देख्न र पढ्न सक्ने गरी डिस्प्ले गर्ने व्यवस्था गर्नुपर्ने छ ।

त्यस्तै, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत सञ्चालित लोक कल्याणकारी विज्ञापनसम्बन्धी कार्यक्रमबाट प्रकाशन तथा प्रसारण हुने विज्ञापन तथा सूचनामूलक सामग्रीमा निर्वाचन आयोगबाट उत्पादित तथा प्रेषित सूचनामूलक सामग्री प्राप्त गरी सबै छापा एवं विद्युतीय सञ्चारमाध्यमबाट प्रकाशन र प्रसारण हुने व्यवस्था गर्ने रहेको छ ।

सरकारी, सामुदायिक तथा निजी अस्पताल, नर्सिङ होमलगायत सबै स्वास्थ्य संस्था निर्वाधरूपमा सञ्चालन हुने व्यवस्था मिलाउनका साथै जिल्लामा सञ्चालनमा रहेका एम्बुलेन्स सुचारु अवस्थामा राख्ने तथा जिल्लामा रहेका दमकललाई चालु हालतमा राखी निर्वाचनको क्रममा आवश्यक परेको बखत तत्काल प्रयोग गर्नसक्ने व्यवस्था गर्न भनिएको छ ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाल टेलिकम, निजी क्षेत्रका सञ्चार सेवा प्रदायक संस्था तथा विकास आयोजनालगायत सरकारी निकायका वायरलेस, टेलिफोन, फ्याक्स तथा अन्य सञ्चार साधन मर्मत र सेवा विस्तार गर्नुपर्ने भए तत्काल मर्मत र सेवा विस्तार गरी चालु अवस्थामा राख्न लगाउने र निर्वाचनको कामका लागि आवश्यक भएमा सम्बन्धित निकायले तत्काल प्राथमिकता दिई उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने निर्देशनमा छ ।

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका क्रममा नियुक्त गरिएका वा खटाइएका वा तोकिएका वा आयोगको निर्देशन, आदेश पालना गर्नुपर्ने कर्तव्य भएका कुनै निजामती वा प्रदेश वा स्थानीय तह वा अन्य सरकारी निकायका कर्मचारी वा सुरक्षाकर्मीले कुनै किसिमको डर, धम्की वा प्रलोभन दिएमा वा बल प्रयोग गरी आफ्नो कर्तव्य पालना गर्न वा गराउनबाट विचलित गराएमा उक्त कार्यलाई निर्वाचन कसुर मानिने व्यवस्था रहेकाले कानूनको वर्खिलाप हुने गरी कहीँकतैबाट यस्तो कुनै कार्य नहुन र भए गरेको पाइएमा कानूनबमोजिम आवश्यक कारबाही गर्ने गराउने व्यवस्था गर्न भनिएको छ ।

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका क्रममा नियुक्त गरिएका वा खटाइएका वा तोकिएका वा आयोगको निर्देशन, आदेश पालना गर्नुपर्ने कर्तव्य भएका कुनै निजामती वा प्रदेश वा स्थानीय तह वा अन्य सरकारी निकायका कर्मचारी वा सुरक्षाकर्मीले प्रचलित कानून वा आयोगको आदेश वा निर्देशनको जानाजानी उल्लङ्घन हुने गरी वा बदनियतले कुनै काम कारवाही गरेमा वा निर्वाचनको निष्पक्षतामा असर पर्ने काम गरेमा आयोगले त्यस्तो कर्मचारी, सुरक्षाकर्मीउपर निजको सेवा शर्तसम्बन्धी प्रचलित कानूनबमोजिम अख्तियारवालाको अधिकार प्रयोग गरी विभागीय कारबाही गर्नसक्ने व्यवस्था गर्न आयोगले निर्देशन दिएको छ ।

### एक सय मतदान केन्द्रलाई अपांगमैत्री बनाइने

निर्वाचन आयोगले एक सय मतदान केन्द्रलाई अपाङ्गमैत्री मतदान केन्द्र बनाउने निर्णय गरेको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार आयोगले उक्त निर्णय गरेको हो । आयोगको निर्णयानुसार उक्त मतदान केन्द्रमा सांकेतिक भाषा सूची, मतदान केन्द्रमा खटिने कर्मचारीलाई सांकेतिक भाषा प्रयोगसम्बन्धी अभिमुखीकरण गरिनेछ । त्यस्तै, मतदान गर्ने तरिकासम्बन्धी ब्रेल सामग्री, रङ्गीचङ्गी डोरी तथा पोल, र्‍याम्प निर्माण, ह्विलचेयर प्रवेश गर्नसक्ने मतदान केन्द्र निर्माण, अपाङ्गता भएका व्यक्तिका लागि टेबुल तथा कुर्सीको व्यवस्था गरिने आयोगले जनाएको छ ।

# रामग्राम स्तुपामा दैनिक सय बढी विदेशी पर्यटक



**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, १६ कात्तिक

पश्चिम नवलपरासीको रामग्राम उजैनीमा गौतम बुद्धको अस्तधातु रहेको स्थलमा दैनिक एक सय भन्दा बढी पर्यटकले अवलोकन गर्ने गरेका छन् । विभिन्न देशबाट आएका बौद्ध धर्मावलम्वीहरु प्राथना गर्नका लागि रामग्राम स्तुपामा आउने गरेका छन् ।

लुम्बिनी विकास कोषको अधिनमा रहेको रामग्राम स्तुपामा कोरिया चिन भारत थाईल्यान्ड लगायतका विभिन्न राष्ट्रबाट आउने पर्यटकहरुको लागि खानेपानी तथा शौचालयको व्यवस्था नरहेको स्थानीय शम्भु उपाध्याले बताए ।

उनका अनुसार भगवान गौतम बुद्धको अस्तुधातु रहेको स्थल रामग्राम स्तुपामा पहिलाको भन्दा अहिले बढी विदेशी पर्यटकहरु आउने गरेका छन् । प्राथना गर्नको लागि एक दुई घण्टाको शान्त र सुरक्षित स्थान विदेशी पर्यटकहरुले पाईरहेको छैन । भगवान गौतम बुद्धको अस्तुधातु रहेको स्थल रामग्राम स्तुपाले जति अन्तर्राष्टिय स्तरमा जति महत्व पाएको छ त्यति नेपाल सरकार वा सम्बन्धित निकायले दिएको देखिँदैन ।

लुम्बिनी विकास कोषको अधिनमा रहेको रामग्राम स्तुपालाई स्थानीय सरकारले विकास गर्न चाहे पनि लुम्बिनी विकास कोषले विकास कोषले काम गर्न अनुमती नदिएपछि स्थानीय सरकारले पनि कुनै चासो नलिएको उपाध्यको गुनासो छ ।

# न्यूरोडमा आग्लो प्रहार गरी हत्या



**काठमाडौं/मस-** काठमाडौं-२४, जुद्ध शालिक नजिक एक पुरुषको हत्या भएको छ । मंगलबार मृत अवस्थामा फेला परेका व्यक्तिको काठको आग्लो प्रहार गरेर हत्या भएको खुलेको हो । अन्दाजी ४४/४५ वर्षका पहिचान नखुलेका व्यक्तिको हत्या भएको निष्कर्षसहित प्रहरीले एकजनालाई पक्राउ समेत गरेको छ ।

पक्राउ पर्नेमा मकवानपुरको साविक पदमपोखरी, हालको हेटौंडा उपमहानगर-१२ घर भएका ६२ वर्षीय जीतबहादुर लामा छन् । जिल्ला प्रहरी परिसर, काठमाडौंका एसपी दिनेशराज मैनालीका अनुसार बुधबार दिउँसो १२ बजे मकवानपुर-२५, बांगेमुढामा लुकिछिपी बसेको अवस्थामा उनलाई नियन्त्रणमा लिइएको हो । मृतक मजदुरी गरेर जीविका चलाउँदै आएका व्यक्ति हुन् । प्रहरीले हत्यामा प्रयोग भएको आग्लो पनि बरामद गरेको छ । सामान्य विवादमा झगडा हुँदा घटना भएको हुनसक्ने प्रारम्भिक अनुसन्धानबाट देखिएको छ ।


प्रदेश सरकार

सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय

यातायात पूर्वाधार निर्देशनालय

## पूर्वाधार विकास कार्यालय

उदयपुर, प्रदेश नं.१, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशन मिति २०७९/०७/१७**

यस कार्यालयको मिति २०७९/०६/१३ र मिति २०७९।०६।१४ गते बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार निर्माण/स्पलायर्स कार्य गर्नको निम्ति पेश भएका बोलपत्रदाताहरुको मूल्याङकन गर्न गठित मूल्याङकन समितिको सिफारिस अनुसार देहाय बोलपत्रदाताले पेश गरेको बोलपत्र कम मूल्याङकित सारभूत रुपमा प्रभावकारी देखिएको हुँदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ (२) को प्रयोजनका लागि प्रकाशित मितिदेखि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सबै वोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| S. | Contract ID | Name of Project | Name and Address of Bidder | Bid Price (With VAT & PS) | Remarks |
|---|---|---|---|---|---|
| 1 | IDO/UDA/NCB/G/SB/01/079-080 | Fabrication of steel parts and Transportation up to roadheads of Simaltar Ghoreto, Gadame(Multi Truss), Iname Dagane, Lampate Tallo Madale, Chisapani Gohiya, Khokma Tapkhola, Kavre dovan Sawa khola & Gagridaha Thaple Trail Bridges of Udayapur & Khotang Districts. | Agro Engineering Works Pvt.Ltd.Butwal,Nepal | NRs. 1,19,92,567.68 | |
| 2 | IDO/UDA/NCB/G/SB/02/079-080 | Fabrication of steel parts and Transportation up to roadheads of Tawa, Dharm Bhakari, Maruwa, Lamiduwali, Jaljale jagretar, Trail Bridges of Udayapur Districts. | Agro Engineering Works Pvt.Ltd.Butwal,Nepal | NRs. 1,49,81,731.68 | |
| 3 | IDO/UDA/NCB/W/R/03/079-080 | RCC Drain Construction with embankment filling and gravelling works at Udayapur Jilla Tri.Na.Pa. -2, Mitra Bhadur Khadka home to Police Chauki Road,Udayapur. | K.N.S Dahal Nirman Sewa,Triyuga Municipality, Udayapur | NRs. 58,63,690.16 | |
| 4 | IDO/UDA/NCB/W/R/04/079-080 | Upgrading of Shivnagar-Adheri-Hadiya-bazzar-siway-sundarpur-Fatepur (province-2) Road,Udayapur. | Galan Infratech Surveying and Engineering Construction Pvt.Ltd., Kathmandu | NRs. 32,34,925.35 | |

Office Chief



**UAE मा रोजगार** | कम्पनी : SPIDER ACCESS CLADDING WORKS & BUILDING CLEANING LLC शहर : ABU DHABI

पूर्व स्वीकृत मितिः २०७८/०९/१२ चलानी नं.: ६०१७१३७४ LT. No.: 254477 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 34 | 5 | स. काममा दक्ष | 1000 | ३५,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २४ गते (10 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158



**KUWAIT मा महिलाहरुलाई रोजगारको अवसर**

कम्पनी: RETAIL GLOBAL FASHION CO .W.L.L. (REDTAG) शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०७९/०५/३१ चलानी नं.: ६०१८७७९८ LT. No.: 272190 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 11 | सम्बन्धित काममा दक्ष | 155 | ६१,७६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २४ गते (10 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**SHARON MANPOWER SERVICES PVT. LTD.**
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370457, 43770530, URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com



**मलेशियामा रोजगारको अवसर** | कम्पनी : TC UNITRADE SDN.BHD. शहरः MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१२/०६ चलानी नं.: ६०१५३६१२ LT. No.: 235178 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 41 | 0 | स. काममा दक्ष | 1200 | ३२,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २४ गते (10 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**वि. एस. ओभरसिज प्रा. लि.**
B.S. OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ५४०/०६१/०६२
पो.ब.नं.: १५१४२, सामाखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.:४९६३३५८,४९६४४१०, ४९८७४०२
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@gmail.com
website www.bsoverseasnepal.com.np
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En
स्थापनाकालको सबैभन्दा छोटो समयमा नै ISO 9001:2015 प्राप्त गर्न सफल कम्पनी



**कतारमा रोजगार** | कम्पनी : RASHID TRADING CONTRACTING GROUP शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७९/०५/०८ चलानी नं.: ६०१८६००९ LT. No.: 269964 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 0 | 5 | स. काममा दक्ष | 1400 | ५०,२८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**मलेसियामा रोजगार** | कम्पनीः LEMBAH MATANAGA SDN BHD शहरः Malaysia,SRI HARTAMAS

पूर्व स्वीकृत मितिः २०७९/०४/०५ चलानी नं.: ६०१८३५८४ L.T. No.: 267704 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm Workers | 20 | 0 | स. काममा दक्ष | 1500 | ४१,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २४ गते (10 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**बेबी एन्जल इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ९४०/०६७/०६८
Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 4461353, 446117
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np

मध्यान्ह
www.madhyanhadaily.com
१७ कातिक २०७९, बिहीबार
3 November 2022, Thursday

सम्पादकीय

## चुनावी एजेण्डा होइन, राष्ट्रिय एकता

चुनावी घोषणापत्र सार्वजनिक भइरहँदा कतिपयको चासो भने अन्तर्राष्ट्रिय सम्बन्धबारे दलहरूको धारणातिर तानिएको थियो । बितेका केही वर्ष अन्तर्राष्ट्रिय सम्बन्ध राष्ट्रिय राजनीतिकै मुख्य चासोको विषय भएकाले पनि यसतर्फ ध्यान गएको थियो । विशेषगरी छिमेकी भारत, चीन र अमेरिकासँगको सम्बन्ध अहिले मुलुकका निम्ति अर्थपूर्ण विषय हो । २०७४ को चुनावी जनादेश नै बिथोलिएकाले पनि कुटनैतिक सम्बन्धबारे दलहरूको सम्बोधन बुझ्न जरूरी थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो सरकार विदेशी हस्तक्षेपकै कारण धल्न पुगेको प्रष्टोक्ति दिदै आएका छन् । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्रको आन्तरिक कलहलाई ओलीले छिमेकी भारतसँग जोडेर व्याख्या गरेका थिए । पछि प्रतिनिधिसभा विघटन गर्ने ओलीको कदमलाई उनी इतर नेताहरूले विदेशी शक्तिको सम्बन्ध भएको अर्थ्याए ।

एमसीसी, बीआरआई, रूस–युक्रेन युद्ध लगायत विषयमा दलहरू दुई ध्रबमा विभाजित नै हुन पुगे । एमसीसीको विषयमा अमेरिका र चीनबीच बक्तव्यबाजी नै चल्यो । रूस र युक्रेनको युद्धबारे विभाजित दलहरू अहिले दुवै गठबन्धनमा छन् । त्यसैले यो विषय महत्वमा देखिदैन । तर भारत, चीन र अमेरिकी दृष्टिकोणलाई अहिले पनि चासोका साथ हेरिएको छ । विशेषगरी भारतसँग सीमा समस्यालाई लिएर नेपालको राजनीति तरंगित हुने गरेको छ । नेपालले लिम्पियाधुरा, लिपुलेक र कालापानी सहितको प्रशासनिक नक्सा प्रकाशन गरेकाले पनि आगामी चुनावमा यो एजेण्डा बन्ने अनुमान धेरैले गरेका थिए । तर दलहरूको घोषणापत्रमा सन्तुलित कुटनैतिक नीति अख्तियार गरिने प्रष्ट लेखिएको छ । मुलुक र छिमेक सम्बन्धका लागि यो आफैमा राम्रो हो ।

तर दलका नेताहरूको अभिव्यक्ति र कार्यक्रम हेर्दा भने फेरि पनि छिमेक सम्बन्धलाई चुनावी एजेण्डा बनाउने खोजिएको आशंका गर्न सकिन्छ । विशेषगरी एमाले अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रियताको एजेण्डा अगाडि सार्ने गरेका छन् । उनले चुनावी प्रचार अभियान पनि दार्चुलाबाटै शुरू गर्ने नीति लिएका छन् । यसबाट भारतविरोधी मनोविज्ञान निर्माण गर्न ओली तयार छन् भन्ने धेरैले आशंका गरेका छन् । यस्तो आशंकाको छुट ओलीले दिएका पनि छन् । तर छिमेक र कुटनैतिक सम्बन्ध जस्तो राष्ट्रियतासँग जोगिने गम्भीर विषय चुनावी एजेण्डा बन्नु उचित होइन । यसलाई त गम्भीरतापूर्वक नेताहरूले लिन आवश्यक छ । नक्सा जारी गर्दा जस्तै फेरि पनि दलहरूबीच राष्ट्रिय सहमति जुट्न आवश्यक छ । चुनावी एजेण्डा त अरू पनि थुप्रै छन् । जसले दलहरूलाई सत्ता सञ्चालनको जनादेश प्राप्त हुन सक्छ ।

# धर्म र वास्तविकता

*वास्तविकता र वैज्ञानिक कुरा के हो भने ईश्वरले मान्छे जन्माएको नभई मान्छेले ईश्वर जन्माएको हो । कपोलकल्पित ईश्वरको स्थापना गरेको हो भन्ने कुरा आज विज्ञानले समेत प्रमाणित गरिसकेको छ ।*

अग्रलेख



● हस्तबहादुर केसी

भौतिक संसारलाई हेर्ने, बुझ्ने, व्याख्या-विश्लेषण र संश्लेषण गर्ने दुई भिन्न दृष्टिकोण रहेका छन् । पहिलो दृष्टिकोण हो चेतना-आत्मको जन्म पहिले भएको हो र चेतनाबाट नै पदार्थको जन्म भएको हो । यो दृष्टिकोण राख्नेहरुलाई आदर्शवादी तथा आध्यात्मवादी भनिन्छ । दोस्रो, पदार्थको जन्म पहिले भएको हो र पदार्थको विशिष्ट उपज नै चेतना हो अर्थात् पदार्थबाट चेतनाको जन्म भएको हो । यो चिन्तन राख्नेलाई भौतिकवादी भनिन्छ । यसरी यो भौतिक जगतमा संसारलाई हेर्ने दुई भिन्न दृष्टिकोण रहेका छन् । यसरी चेतना (आत्म) पहिलो हो र चेतनाबाटै पदार्थको जन्म भएको हो भन्ने विश्वदृष्टिकोण राख्नेहरुले यो संसारलाई जान्नै सकिन्न, बुझ्नै सकिन्न र यो संसार अज्ञेय छ भन्ने दृष्टिकोण राख्दछन् भने यसको ठीक विपरीत पदार्थ पहिलो हो र पदार्थकै विशिष्ट उपज चेतना हो र पदार्थबाटै चेतनाको जन्म भएको हो भन्ने दृष्टिकोण राख्नेहरुले यो भौतिक संसारलाई चिन्न सकिन्न, बुझ्न सकिन्छ, संसार ज्ञेय छ र यसलाई बदल्न सकिन्छ भन्ने दृष्टिकोण राख्दछन् । यसरी संसारलाई हेर्ने र बुझ्ने तथा व्याख्या गर्ने प्रश्नमा दार्शनिकहरु दुई भिन्न खेमामा विभाजित रहँदै आएका छन् । यस आलेखको ज्वलन्त र अत्यन्तै महत्वपूर्ण प्रश्न र यसको जवाफ दिनुमा रहेको छ ।

यहाँ आदर्शवादी (आध्यात्मवादी) हरुले ईश्वर (भगवान)ले मान्छे जन्माएको हो र यस संसारको सृष्टि (जन्म) ईश्वरबाट भएको हो भन्ने धारणा (दृष्टिकोण) राख्दछन् । यो अवैज्ञानिक र अज्ञेयवादी रहेको छ । भौतिकवादी चिन्तन र विश्वदृष्टिकोणअनुसार ईश्वरले मान्छे जन्माएको होइन कि मान्छेले ईश्वरलाई जन्माएको हो भन्ने जुन दृष्टिकोण रहेको छ यो धारणा नै वैज्ञानिक र ज्ञेयवादी रहेको छ । आजसम्म पनि हाम्रो समाजमा भौतिक जगतबारे वैज्ञानिक धारणा बन्न सकेको देखिँदैन । यो भौतिक जगतको सृष्टिकर्ता कुनै अलौकिक अभौतिक स्वत्व हो भन्ने भनाइ समाजमा बग्रेल्ती पाइन्छ । यहाँनिर भन्न सकिन्छ कि यो भौतिक जगत बस्तु स्वयम्को ऐतिहासिक विकास प्रक्रियाको उपज हो भनी बुझ्ने मानिस नै हाम्रो समाजमा कति होलान् ? अध्ययन गर्न जसरी छ । हाम्रो समाजमा प्रायः यही नै भनाई सुनिन्छ कि (यो जगत (संसार)को सृष्टिकर्ता ईश्वर हो । र, त्यो सर्वशक्तिमान, शाश्वत, सर्वज्ञ, अलौकिक, अप्राकृतिक र अधिभौतिक छ । साथै त्यो मनुस्यलगायत समस्त ब्रह्माण्डको स्वामी (मालिक) र भाग्यविधाता हो, त्यसो भएकोले मनुष्य ईश्वराश्रित छ । ईश्वरको इच्छाबाहेक मनुष्यले केही गर्न सक्दैन भन्ने धारणा र संस्कारले समाज भरिएको पाइन्छ । यसमा धर्मको कुरो पनि आउँछ । धर्म र ईश्वर जोडिएका छन् । धर्मले ईश्वरको अस्तित्वलाई स्थापित गर्ने काम गरेको छ अथवा कुनै न कुनै अभौतिक र सर्वोपरितत्वको अस्तित्वलाई स्थापना गर्ने क्रममा नै धर्म, धार्मिक ग्रन्थ र धार्मिक सम्प्रदायहरु पैदा भएका देखिन्छन् ।

